सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

देउमाई नगरपालिकाको स्वतः प्रकाशन

२०८० बैशाख –असार

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

देउमाई नगरपालिका इलाम कोशी प्रदेश

फोन ०२७-४००००१ Email-info@deumaimun.gov.np

१. देउमाई नगरपालिका को परिचय

नेपालको संविधानको अवधारणाबाट स्थापित तिन तहको सरकार अन्तर्गत सबै भन्दा तल्लो तहमा हाल ७५३ वटा स्थानीय सरकारहरु सञ्चालनमा रहेका छन् । प्रदेश नं. १ अन्तर्गत इलाम जिल्लाभित्र रहेका १० वटा स्थानीय सरकारहरुमध्ये देउमाई नगरपालिका पनि एक हो । यो नगरपालिका इलाम जिल्लाको पश्चिमि क्षेत्रमा अवस्थित छ । २०७१ साल मङ्सिर १६ गते साविकका मङ्गलबारे र धुसेनी गा।वि।स।हरुलाई समायोजन गरी यस नगरपालिकाको गठन गरिएकोमा राज्य पुनर्संरचना भई सङ्घीयता कार्यान्वयन हुँदा यस नगरपालिकामा साविक जीतपुर, सिद्धिथुम्का ९ वडा नं. ७ बाहेक०, शान्तिडाँडा, चमैता ९ वडा नं. ९ बाहेक० र साङ्गुम्बा वडा नं। ७, ८ र ९ समेत समावेश भई २०७३ साल फागुन २६ गते हालको देउमाई नगरपालिको स्थापना भएको हो। यस नगरपालिकाको पूर्वमा इलाम नगरपालिका, पश्चिममा फाकफोकथुम गाउँपालिका र माङसेबुङ गाउँपालिका, उत्तरमा पाँचथरको फाल्गुनन्द गाउँपालिका र दक्षिणमा इलामको माई नगरपालिका रहेका छन् । ९ वटा वडाहरु रहेको यस नगरपालिकाको जम्मा जनसंख्या ३४,६९९ रहेको छ जस मध्ये पुरुषको सङ्ख्या १७,८४६ छ भने महिलाको सङ्ख्या १६,८५३ रहेको छ । जम्मा घरधुरी संख्या ७,१२४ रहेको यस नगरपालिकाको वडागत जनसङ्ख्या वडा नं. १ को ४,४८४, वडा नं. २ को ३,८२२, वडा नं। ३ को ४,९११, वडा नं. ४ को ३,११९, वडा नं. ५ को ४,२९१, वडा नं. ६ को २,९०७, वडा नं. ७ को ३,२९५, वडा नं. ८ को ३,३३८ र वडा नं. ९ को ४,५३२ रहेको छ। भौगोलिक अवस्थितिको हिसाबले २६ डिग्री ८१ मिनेट उत्तरी अक्षांश देखि २७ डिग्री ०४ मिनेट उत्तरी अक्षांश सम्म र ८७ डिग्री ७४ मिनेट पूर्वी देशान्तर देखि ८८ डिग्री ८८ मिनेट पूर्वी देशान्तरसम्म यो नगरपालिका फैलिएको छ । जम्मा १९१।६३ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यो नगरपालिको भू(भाग समुद्री सतहको २५० मिटर देखि २७०० मिटरको उचाईसम्म रहेको छ। नेपालको कुल क्षेत्रफलको ०.१३ प्रतिशत र इलाम जिल्लाको ११।२२ प्रतिशत क्षेत्रफल यस नगरपालिकाले ओगटेको छ । यस नगरपालिका क्षेत्रमा औषत तापक्रम गर्मी याममा १६ देखि २६ डिग्री सेल्सियस सम्म पुग्छ भने जाडो महिनामा ४ देखि ११ डिग्री सेल्सियस सम्म झर्ने गर्छ। यहाँ वर्षा ऋतुमा मासिक सरदर ३५ मिलिमिटर देखि ९३५० मिलिमिटर सम्म वर्षा हुन्छ । उष्ण मनसुनी, न्यानो समशितोष्ण र ठण्डा समशितोष्ण गरी तीन प्रकारका हावापानी विविधता यस नगरपालिकामा पाइन्छ। श्रावण महिनामा सबैभन्दा बढी गर्मी हुने गर्दछ भने पौष महिना सबैभन्दा धेरै जाडो हुने गर्दछ । उचाई अनुसार यहाँको हावापानी र तापक्रममा विविधता पाइन्छ। हालसम्म परम्परागत कृषि प्रणालीमा आवद्ध यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । यस नगरपालिकामा प्रमुख खाद्यान्न बालीको रुपमा धान, मकै, गहुँ र नगदे बालीको रुपमा अदुवा, अम्लिसो, चिया, अलैची र आलु रहेका छन् । पशुपालन व्यवसायमा गाई, बाख्रा, र बङ्गुर प्रमुख हुन् । यस नगरपालिकाबाट निर्यात हुने सामाग्रीको रुपमा दुग्ध एवं दुग्धजन्य पदार्थ, अदुवा, अम्लिसो, चिया, अलैची, आलु, हरिया सागसब्जी, बङ्गुर र खसी पर्दछन् । "प्राकृतिक स्रोत कृषि र पर्यटन, समृद्ध देउमाई हाम्रो अभियान" भन्ने नाराका साथ अघी बढेको यस नगरपालिकाले प्रत्येक वर्ष कृषि क्षेत्र एवं पशुपालन प्रवर्द्धनका लागि अनुदानमा आधारित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।धार्मिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण यस नगरपालिकामा हिन्दु, किराँत, बौद्ध र ईसाइ धर्म मान्ने समुदायको बाहुल्यता

रहेको छ भने राई, लिम्बु, मगर, ब्राम्हण, क्षेत्री, तामाङ, शेर्पा, नेवार, गुरुङ्ग, दलित समूदाय जस्ता विविध जातजाति र संस्कृतिका मानिसहरु बसोबास गर्दछन् । हिन्दुहरुको महान चाड दशैँ, तिहार, तीज, कुशेऔंशी, नाग पञ्चमी, जनैपूर्णिमा, राम नवमी, श्रीपञ्चमी, कृष्णजन्माष्टमी लगायतका चाडपर्वहरु मनाउने गर्दछन् भने बौद्ध धर्मावलम्बीहरुले बुद्ध पूर्णिमा, ल्होसार मनाउने गरेका छन् । त्यसैगरी किराँत धर्मावलम्बीहरुले उधौली(उभौली, चण्डी पूर्णिमा, फाल्गुनन्द जयन्तीजस्ता चाडपर्व मनाउँछन् भने अन्य धर्मावलम्बीहरुले क्रिसमस लगायतका जातजाति अनुसारका विभिन्न किसिमका चाड पर्वहरु मनाउने गरेको पाइन्छ ।धानका बाला लहलह झुल्ने गजुरमुखी बेँसी, सालै सालको बनक्षेत्र दुम्जन र नागबेली परेर बगेकी माई क्षेत्र हाङ्गाङ, हिउँ र तुसारोले बेहुली झैं ढपक्क ढाक्ने कुहिभिर, एकै स्थानबाट सुर्योदय र सुर्यास्तको मनोरम दृष्यावलोकन गर्ने सकिने सिद्धिथुम्का चुली, झ्याम्टाको आकारमा बसेकी झ्याउँ पोखरी, पहाडको टुप्पोमा सुतेकी गुफाथुम्की पोखरी, पानीटार, जीतपुर र अजम्बरेमा साना साना थुम्कामा बिच्याइएका चियाका बुट्टाहरु, पङ्खेलुङ झरना र फाल्गुनन्दको तपोभूमी खत्रक्पा, सिखरबाबाधाम, जट्टेश्वर महादेव, ढोलेदेवी र जुरैजुरोको क्षेत्र तीनजुरेजस्ता प्राकृतिक र धार्मिक सम्पदाहरु एउटै पालिकाभित्रै अटाएको देउमाई पर्यटकीय, धार्मिक, सांस्कृतिक एवं भौगोलिक विविधताको हिसावले अत्यन्तै धनी मानिन्छ ।

२. देउमाई नगरपालिकाको काम,कर्तव्य र अधिकार

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय तथ्याकं र अभिलेख सकंलन गरी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना को आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन गर्ने ।
- आधारभूत र माध्यमिक शिक्षाको स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गरी सम्पर्ण नगरमा सम्मान रुपमा शिक्षा क्षेत्रको विकास गरी नगरबासीलाई शिक्षाक्षेत्रकव पहुचमा ल्याउने ।
- आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।
- सूचना तथा सञ्चार सेवाको विकास ।

- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ को व्यवस्थापन ।
- गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन।
- स्थानीय अभिलेख व्यवस्थापन।
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीको व्यवस्थापन ।
- जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन।
- बेरोजगारको तथ्याकं सकंलन गरी रोजगारी सिर्जना गरी बेरोजगाररी घटाउने ।
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने ।
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा विकास गर्ने ।
- विपद् व्यवस्थापन ।
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण ।
- भौगर्भिक नक्सा प्रकाशन ।
- खेलकुद को विकास
- स्वास्थ्य क्षेत्रको विकास गरी सर्वशुलब स्वास्थ्य सेवाको पहुच ।
- विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू
- सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क आधिको व्यवस्थापन ।
- वन, जगंल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता संरक्षण ।
- सामाजिक सुरक्षा र गरिबी निवारण ।
- व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याकं ।
- स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्र्धन र पुनः निर्माण ।
  - सुकुम्बासी व्यवस्थापन ।
- सवारी साधन अनुमति ।
- यातायात सेवा।
- संघ, संस्था दर्ता तथा नवीकरण।

३. देउमाई नगरपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण

क्रस	पद	श्रेणी/तह	सेवा	समूह	उप समूह	दरबन्दी संख्या	स्थाई	करार	रिक्त
१	प्रमुख प्रशासकीय अधिकृत	रा पं द्वितिय / नवौ / दशौं	प्रशासन	सा प्र		१	१	०	०
२	प्रशासकीय अधिकृत	रा पं तृतिय /छैटौं / सातौ / आठौं	प्रशासन	सा प्र		१	१	०	०
३	लेखा अधिकृत	रा पं तृतिय /छैटौं /सातौ / आठौं	प्रशासन	लेखा		१	१	०	०
४	इन्जिनियर	रा पं तृतिय /छैटौं /सातौ / आठौं	इन्जिनियरिङ	सिभिल	जनरल	२	१	१	०
५	सूचना प्रविधि अधिकृत	रा पं तृतिय /छैटौं /सातौ / आठौं	विविध			१	०	१	०
६	प्रशासन नासू	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	प्रशासन	सा प्र		५	४	१	०
७	लेखापाल	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	प्रशासन	लेखा		१	१	०	०
८	सब इन्जिनियर	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	इन्जिनियरिङ	सिभिल	जनरल / वि. आर्क	५	५	०	०
९	कम्प्युटर अपरेटर	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	विविध			१	१	०	०
१०	खरिदार	रा प अनं द्धितिय / सहायक स्थर चौथो	प्रशासन	सा प्र		३	३	०	०
११	सह-लेखापाल	रा प अनं द्धितिय / सहायक स्थर चौथो	प्रशासन	लेखा		१	१	०	०
१२	अ. सब. इन्जिनियर	रा प अनं द्धितिय / सहायक स्थर चौथो	इन्जिनियरिङ	सिभिल	जनरल / वि. आर्क	५	४	१	०
१३	अमिन	रा प अनं द्धितिय / सहायक स्थर चौथो	इन्जिनियरिङ	सर्भे		२	१	१	०

क्रस	पद	श्रेणी/तह	सेवा	समूह	उप समूह	दरबन्दी संख्या	स्थाई	करार	रिक्त
१४	सहायक महिला विकास निरिक्षक	रा प अनं द्धितिय / सहायक स्थर चौथो	विविध			२	२	०	०
१५	हेवि सवारी चालक	श्रेणी विहिन				२	०	२	०
१६	हल्का सवारी चालक	श्रेणीविहिन				२	०	२	०
१७	इलेक्ट्रिसियन	श्रेणीविहिन				१	०	०	०
१८	पल्मबर	श्रेणीविहिन	प्रशासन			२	०	२	०
१९	सह चालक	श्रेणीविहिन	प्रशासन			२	०	२	०
२०	कार्यलयसहयोगी	श्रेणीविहिन	प्रशासन			७	२	५	०
२१	पाले	श्रेणीविहिन	प्रशासन			२	०	०	२
२२	मालि	श्रेणीविहिन	प्रशासन			१	०	०	१
२३	कुचिकार	श्रेणीविहिन	प्रशासन			५	०	५	०
	जम्मा					५५	२८	२४	३
२.शिक्षा, युवा तथा खेलकुद शाखा दरबन्दी तेरिज									
१	शिक्षा अधिकृत	अधिकृत स्थर छैटौं / सातौ / आठौं	शिक्षा	शिक्षा प्रशासन	निरिक्षण	१	१	०	०
२	प्राविधिक सहायक	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	शिक्षा	शिक्षा प्रशासन		१	१	०	०
३	खरिदार	रा प अनं द्धितिय / सहायक स्थर चौथो	प्रशासन	सा प्र		१	०	१	०
४	सहायक कम्प्युटर अपरेटर	रा प अनं द्धितिय / सहायक स्थर चौथो	विविध			१	०	१	०
५	कार्यलय सहयोगी	श्रेणी विहिन				१	२	२	०
	जम्मा					५	४	४	०
३. स्वास्थ्य तथा सामाजिक विकास शाखा दरबन्दी तेरिज									
१	जनस्वास्थ अधिकृत	अधिकृत स्थर छैटौं / सातौ / आठौं	हे .ई	हेल्थ				०	१
२	प्रशासन नासू	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	प्रशासन	सा प्र		१	१	०	०
३	कविराज	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	स्वास्थय	आयुर्वेद		१	०	१	०

क्रस	पद	श्रेणी/तह	सेवा	समूह	उप समूह	दरबन्दी संख्या	स्थाई	करार	रिक्त
४	कार्यलय सहयोगी	श्रेणी विहिन				१	०	१	०
	जम्मा					४	२	२	०
		४. कृषि विकास शाखा दरबन्दी तेरिज							
१	कृषि अधिकृत	अधिकृत स्थर छैटौं / सातौ / आठौं	कृषि			१	०	०	१
२	ना. प्रा. स	रा प अनं द्धितिय / सहायक स्थर चौथो	कृषि			१	०	०	१
३	कार्यलय सहयोगी	श्रेणी विहिन				१	१	०	०
	जम्मा					३	१	१	१
		५. पसु सेवा शाखा दरबन्दी तेरिज							
१	पसु सेवा अधिकृत	अधिकृत स्थर छैटौं / सातौ / आठौं	कृषि	भेटरिनरि		१	१	०	०
२	पसु प्रा.स.	रा प अनं प्रथम/ सहायक स्थर पाँचौ	कृषि	लाइभ स्टक		१	१	०	०
३	पसु ना प्रा.स.	रा प अनं द्धितिय / सहायक स्थर चौथो	कृषि	भेटरिनरि		१	१	०	०
४	कार्यलय सहयोगी	श्रेणी विहिन				१	१	०	०
	जम्मा					४	४	०	०
		6. वडा कार्यालय दरबन्दी तेरिज							
१	वडा सचिव	चौथो / पाँचौ / छैटौ	प्रशासन	सा प्र		९	७	२	०
२	सहायक कम्प्युटर अपरेटर	रा प अनं द्धितिय / सहायक स्थर चौथो	विविध			९	०	९	०
३	कार्यलय सहयोगी	श्रेणीविहिन	प्रशासन			९	०	९	०
	जम्मा					२७	७	२०	०
	कुल जम्मा					९८	४६	५१	४

पद	नाम	ईमेल-	मोबाइल नं.
प्रमुख प्रशासकीय अधिकृत	हरि बहादुर दाहाल	hradahal@gmail.com	9851250022
लेखा अधिकृत	गजेन्द्र राज एक्तेन	ektengajendra69@gmail.com	9852681681
शिक्षा शाखा प्रमुख	रुपेन्द्र न्योपाने	neupaner127@gmail.com	9842731306
शाखा अधिकृत	लक्ष्मी बराल	kajanbaral@gmail.com	9862397719
इन्जिनियर	दामोदर कार्की	karkidamodar2008@gmail.com	9849214792
इन्जिनियर	प्रतिक दवाडी	pratikdawadi22@gmail.com	9852680701
सुचना प्रविधि अधिकृत	गोविन्दराज बास्तोला	gobindarajbastola1@gmail.com	9852680816
अधिकृत स्तर छैठौ	धुब्र राज डाँगी	dhrubadangi10@gmail.com	9842794856
बैध निरिक्षक	सुधिर कुमार चौधरी	csudhir750@gmail.com	9862068967
रोजगार संयोजक	सनम चापागाईँ	sanam.chapagain91@gmail.com	9862637777
सव इन्जिनियर	गगन राई	grai97157@gmail.com	9842780915
ना सु	गोपाल प्रसाद ढुङ्गेल	dhungelgopal8@gmail.com	9842645675
सव इन्जिनियर	गोपाल बस्नेत	basnetgopal42@gmail.com	9842636342
कविराज	गौरी शंकर शाह	me.gaurishankar2038@gmail.com	9862078996
उजुरी प्रसासक	डिमला राई	dkrai0401@gmail.com	9842645190
कविराज	तुलसी प्रसाद भट्टराइ	bhattaraitulsi27@gmail.com	9842729453
सव इन्जिनियर	दिपेन्द्र राना मगर	yamimrra@gmail.com	9842798044
ना सु	प्रशान्त भट्टराई	bhattarai7.prashant@gmail.com	9852660345
एमअपरेटर.एस.आइ.	प्रिंयका सुवेदी	priyankasubedi042@gmail.com	9843007548
प्राविधिक सहायक	भुगोल खनाल	bhugol13@gmail.com	9862600053
मनोसामाजिक परामर्शकर्ता	मनिषा तामाङ	monisayonjan@gmail.com	9865709926
एमअपरेटर.एस.आइ.	युगेश बराल	baral.yugesh20550903@gmail.com	9862670567
ना सु	राजु शर्मा पराजुली	rajuparajuli@gmail.com	9849535555

पशु प्राविधिक	राम चन्द्र कट्टेल	rckattel43@gmail.com	9862601574
मनोसामाजिक परामर्शकर्ता	शोभा थापा	shovathapa695@gmail.com	9862649389
कम्प्यूटर अपरेटर	सन्दिप विसुन्के	imsandipilam@gmail.com	9842721886
ना सु	सोम नाथ पौडेल	som.dhuseni12@gmail.com	9862749084
सहायक पाँचौ	हिमा पोखेल	himakhanal2015@gmail.com	9842779973
सहलेखापाल -	मनिष भट्टराई	bhattaraimanish32@gmail.com	9842783144
असिष्टेन्ट सव इन्जिनियर	अर्जुन बस्नेत	asnetchatra@gmail.com	9843408252
उध्यम सहजकर्ता	एस्तर राई	picasoristhe@gmail.com	9865596679
सहायक स्तर चौथो	कल्पना देवी खतिवडा	presakalpana@gmail.com	9824016590
असिष्टेन्ट सव इन्जिनियर	केशव पौडेल	keshabpoudel67@gmail.com	9862466870
उध्यम सहजकर्ता	कृष्णकला कटुवाल (पराजुली(	krishnakalakatuwal@gmail.com	9844647854
पशु सेवा प्राविधिक	किर्तीहाङ मावा ी	kirtihang@gmail.com	9842798049
असिष्टेन्ट सव इन्जिनियर	दयानन्द चौधरी	dayanandchaudhary420@gmail.com	9852684840
सहायक कम्प्यूटर अपरेटर	दिक्षा लुइटेल	dikshaaryalluitel22@gmail.com	9842769701
फिल्ड सहायक	दिनेश खनाल	dineshkhanalilam@gmail.com	9843348510
अभिलेख व्यवस्थापक	नन्दी केशर दाहाल	nandi.9842783724@gmail.com	9842783724
अमिन	भेषराज राई	veshrajrai2@gmail.com	9814092007
सहायक महिला विकाश निरीक्षक	ममता रिजाल	mamatarijal70@gmail.com	9842781281
सहायक महिला विकाश निरीक्षक	योगमाया रिसाल	risalyogmaya2@gmail.com	9842662219
नगर खेल प्रशिक्षक	रनविर लिम्बु	ranbirlimbu8@gmail.com	9816984757
वित्तिय साक्षरता सहजकर्ता	राजन श्रेष्ठ	rajanshrestha2046@gmail.com	9843769672
सहायक स्तर चौथो	विध्या ढुङगेल	bidyadhungel4@gmail.com	9861809561
सहायक महिला विकाश निरीक्षक	विष्णु कुमारी राइ	bishnukumari2045@gmail.com	9861207493
समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता	शिव कुमार कार्की	karkishiva28@gmail.com	9842789468

समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता	संगिता दहाल	sangitadahal119@gmail.com	9844618710
सहायक महिला विकाश निरीक्षक	संगिता विश्वकर्मा	silugeet@gmail.com	9814938883
फिल्ड सहायक	समिर खनाल	samirrrrkhanalll@gmail.com	9842868354
नायब प्राविधिक सहायक	होमनाथ पराजुलि	parajulih366@gmail.com	9862773614
रिटनी	इन्द्रप्रसाद पौडेल	indrapoudelp76@gmail.com	9815060514
रिटनी	खगेन्द्र खनाल	khagendrakhanal4@gmail.com	9842781431
रिटनी	भानु भक्त भट्टराई	bhanubhattrai55@gmail.com	9815047223
शिक्षक	भक्त बाहादुर कार्की	bhaktakarki905@gmail.com	9862622623
शिक्षक	भिमा देवी लुइटेल	Bhimadevi@gmail.com	9852685422
कार्यालय सहयोगी	अर्जुन श्रेष्ठ	sthaarjun2020@gmail.com	9863713171
कार्यालय सहयोगी	असल बहादुर लिम्बु	ashallimbu60@gmail.com	9804992762
ह.चा.स.	कृष्ण प्रसाद खतिवडा	sabjungkrishna@gmail.com	984647803
कार्यालय सहयोगी	काली बहादुर लिम्बु	kali@gmail.com	986267139
कार्यालय सहयोगी	गोपी लुइँटेल	luitelgopi2@gmail.com	9842724731
कार्यालय सहयोगी	टंकमाया अधिकारी	adhikaritankmaaya2039@gmail.com	9816056165
कार्यालय सहयोगी	तेज बहादुर कटुवाल	tejkatul@gmail.com	9842740149
कार्यालय सहयोगी	दल बहादुर श्रेष्ठ	shrestha43.shrestha@gmail.com	9806024897
कुचिकार	देविमाया खड्का	devimaya1@gmail.com	9860066386
कार्यालय सहयोगी	दिपेन्द्र राउत	rautdependra512@gmail.com	9849531098
व्याक हो अपरेटर	नविन मगर	nabinranamgr12@gmail.com	9842786366
टिपर चालक	प्रकाश खतिवडा	prakash.deumai@gmail.com	9842780281
कार्यालय सहयोगी	प्रजिता श्रेष्ठ	prajtastha42@gmail.com	9842798897
ह.चा.स.	प्रदिप श्रेष्ठ	pradip.deumai@gmail.com	9862773566
ह.चा.स.	पवन कुमार कार्की	pawankarki493@gmail.com	9842735500

कार्यालय सहयोगी	बेनुप रिजाल	rijalbenup8@gmail.com	9862649600
कार्यालय सहयोगी	भिम बहादुर गोले	vhim@gmail.com	
ह.चा.स.	मनि कुमार लिम्बु	subbamani123@gmail.com	9842769765
कुचिकार	रेखा बहादुर खड्का	rekhabrd@gmail.com	9825948387
कार्यालय सहयोगी	रेखा बहादुर लिम्बु	lrekhabahadur@gmail.com	9844666114
प्लम्बर	लक्ष्मी प्रसाद दाहाल	laxmikunta77@gmail.com	9842773486
सहयोगी व्याहो लोडर	शुकदल लिम्बु	limbusukdal077@gmail.com	9840997845
प्लम्बर	सन्त कुमार श्रेष्ठ	santa@gmail.com	9815954873
कार्यालय सहयोगी	सोभा पोख्रेल	shova@gmail.com	9862649589
कार्यालय सहयोगी	हेम बहादुर खत्री	khatrisantosh3749@gmail.com	9862622535

देउमाई नगरपालिका वडा नं १ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम	पद	सम्पर्क नं
१	विमल अधिकारी	सहायक स्तर चौथो	९८४९२९६८३४
२	बालिका भट्टराई	समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता	९८६२७५५८९९
३	नरेश बहादुर राई	सहायक कम्प्यूटर अपरेटर	९८४२७८०७९४
४	मदन मगर	कार्यालय सहयोगी	९८१३३४४०५४

देउमाई नगरपालिका वडा नं २ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम	पद	सम्पर्क नं
१	सुरेस दहाल	वडा सचिव	९८४२७४४७८८
२	राकेश राई	सहायक कम्प्यूटर अपरेटर	९८४२६६२५२४
३	तुलसी प्रसाद दुलाल	कार्यालय सहयोगी	९८०८०५९७०५

देउमाई नगरपालिका वडा नं ३ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम	पद	सम्पर्क नं
१	जीवन कुमार लिम्बु	वडा सचिव	९८४१७४९१४९
२	जानुका राई	सहायक कम्प्यूटर अपरेटर	९८१४०११०७५
३	गोपि लुइटेल	कार्यालय सहयोगी	९८४२७२४७३१

देउमाई नगरपालिका वडा नं ४ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	चन्द्र बहादुर राउत	वडा सचिव वडा ४	९८४२६४६१९६
२	गजेन्द्र बहादुर लिम्बु	सहायक कम्प्यूटर अपरेटर	९८६०३८७७५६
३	खेम राज खनाल	कार्यलय सहयोगी	९७४९७२१०३२

देउमाई नगरपालिका वडा नं ५ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	दिनेश कुमार मगर	सहायक स्तर पाचौँ	९८४२७२७१००
२	जमुना लिम्बु	सहायक कम्प्यूटर अपरेटर	९८४३६७४५७१
३	हेमराज लिम्बु	वडा खेलकुद प्रशिक्षक	९८४२७८३५४८
४	काजल बेगा	कार्यालय सहयोगी	९८२४९३०४४१

देउमाई नगरपालिका वडा नं ६ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	याम प्रसाद दाहाल	वडा सचिव	९८४२६३६६९५
२	हेमुका राई	सहायक कम्प्यूटर अपरेटर	९८२४०४८३३७
३	सिता तिमल्सीना	समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता	९८६२६३६५३१
४	गोपाल श्रेष्ठ	कार्यालय सहयोगी	९८१६९१०४२६
५	प्रकाश कुमार राई	पहरेदार	९८१६९११४८६

देउमाई नगरपालिका वडा नं ७ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	ऋषि लाल न्यौपाने	वडा सचिव	९८४२६३६६०१
२	संगिता तामाङ	समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता	९८६२६९१५४६
३	दुत बहादुर राई	कार्यालय सहयोगी	९७४२६१५१६३
४	तेज प्रसाद घिमिरे	कार्यालय सहयोगी	९८१५९१९०७८

देउमाई नगरपालिका वडा नं ८ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	लक्ष्मी कान्त बराल	वडा सचिव	९८४२७६८८४०
२	मुना घिमिरे	सहायक कम्प्यूटर अपरेटर	९८०७९८४५२२
3	मन बहादुर मगर	कार्यालय सहयोगी	९८६२३०२१९७

देउमाई नगरपालिका वडा नं ९ मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	सम्भु लिम्बु	वडा सचिव	९८४०९३०८६४
२	कृष्ण कुमारी लिम्बु	सहायक कम्प्यूटर अपरेटर	९८६२७६८२०८
३	रमिला रेग्मी	कार्यालय सहयोगी	९८४२७८०२०६

देउमाई नगरपालिका पशु सेवा शाखा मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	ध्रुब राज डाँगी	प्राविधिक सहायक	९८४२७९४८५६
२	राम चन्द्र कट्टेल	पशु प्राविधिक	९८६२६०१५७४
३	किर्तिहाङ माबो	पशु सेवा प्राविधिक	९८४२७९८०४९
४	समिर राई	एक गाउँ एक प्राविधिक	९८४४६१५६१९

देउमाई नगरपालिका कृषि विकास शाखा मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	विष्णु कुमारी राई	सहायक महिला विकाश निरीक्षक	९८६१२०७४९३

देउमाई नगरपालिका शिक्षा युवा तथा खेलकुद विकास शाखामा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	रुपेन्द्र न्यौपाने	शिक्षा शाखा प्रमुख	९८४२७३१३०६
२	खेम भट्टराई	श्रोत शिक्षक	९८४१९८१०७४
३	भिमा देवि लुईटेल	शिक्षक	९८५२६८५४२२
४	दिक्षा लुईटेल	सहायक कम्प्यूटर अपरेटर	९८४२६६२१७३
५	रनविर लिम्बु	नगर खेल प्रशिक्षक	९८१६९८४७५७
६	तेज बहादुर कटुवाल	कार्यालय सहयोगी	९८४२७४०१४९

देउमाई नगरपालिका स्वास्थ्य शाखा मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	विष्णु भट्टराई	स्वास्थ्य शाखा प्रमुख	९८५२६६७०३
२	जयन्ति कटुवाल	सि वि आर एफ	९८४४६३००३७

३	दिपेन्द्र राउत	कार्यालय सहयोगी	९८२४०९९६२५

देउमाई नगरपालिका आयुर्वेद शाखा मा कार्यरत कर्मचारीको विवरण

क्र स	नाम थर	पद	सम्पर्क नं
१	सुधिर चौधरी	बैध निरिक्षक	९८६२०६८९६७
२	गौरी शंकर शाह	कविराज	९८६२०७८९९६
३	तुलसी प्रसाद भट्टराई	कविराज	९८४२७२९४५३
४	टंकमाया अधिकारी	कार्यालय सहयोगी	९८१६०५६१६५

४. देउमाई नगरपालिकाबाट प्रदान गरिने सेवा।

देउमाइ नगरपालिकाको दिर्घ रोगी उपचार सहयोग

आवश्यक कागजातहरु:

- निवेदन
- वडाको सिफारीस
- दिर्घ रोगी तथा संरक्षको नागरिकताको प्रतिलिपि
- दिर्घ रोगी प्रमाणित हुने अस्पतालको कागजात

जिम्मेवार अधिकारी: नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत

लाग्ने समय: सोहि दिन

सेवा दिने कार्यालय:नगरपालिकाको कार्यालय

सेवा प्रकार:दिर्घ रोगी उपचार सहयोग

सेवा शुल्क:निशुल्क

देउमाइ नगरपालिकाको मृत्यू दाहा संस्कार सहयोग

आवश्यक कागजातहरु:

- निवेदन
- वडाको सिफारीस
- मृत्यू दर्ताको प्रतिलिपि
- मृतक र संरक्षकको नागरीकताको प्रतिलिपि

जिम्मेवार अधिकारी: नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत

लाग्ने समय: सोहि दिन

सेवा दिने कार्यालय:नगरपालिकाको कार्यालय

सेवा प्रकार:मृत्यू दाहा संस्कार सहयोग

सेवा शुल्क:निशुल्क

देउमाई नगरपालिकाको सुरक्षित मातृत्वा तथा सुत्केरी स्यार खर्च

आवश्यक कागजातहरु:

- निवेदन
- वडाको सिफारीस
- जन्म दर्ताको प्रतिलिपि
- बाबु आमाको नागरिकता प्रमाण पत्र
- आमाको ना .प्र नभएमा विवाह दर्ता
- ४ पटक सम्म गर्व स्वास्थ्य परिक्षण गरेको कागजात

जिम्मेवार अधिकारी:नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत

लाग्ने समय:सोहि दिन

सेवा दिने कार्यालय–नगरपालिकाको कार्यालय

सेवा प्रकार:सुरक्षित मातृत्वा तथा सुत्केरी स्यार खर्च
सेवा शुल्क:निशुल्क

भुक्तानी सम्बन्धमा

आवश्यक कागजातहरु:

- निवेदन
- बिल भरपाई
- वडा समितिको सिफारिस
- योजना सम्बन्धि भएमा प्राविधिक प्रतिबेदन
- योजना सम्पन्नभएको उपभोक्ता समितिको निर्णय प्रतिलिपि
- अनुगमन समितिको निर्णय प्रतिलिपि
- वडा सचिब, वडा अध्यक्षको रोहबरमा गरिएको सार्वजनिक परिक्षणको निर्णय प्रतिलिपि
- योजनाको फोटो

जिम्मेवार अधिकारी:लेखा शाखा तथा प्रमुख प्रशासकीय अधिकृत
लाग्ने समय:सम्पूर्ण प्रक्रिया पूरा भएपछि
सेवा दिने कार्यालय:नगरपालिकाको कार्यालय
सेवा प्रकार:भुक्तानी सम्बन्धमा
सेवा शुल्क:निशुल्क

योजना सम्झौता गर्दा पेश गर्नुपर्ने कागजात

आवश्यक कागजातहरु:

- उपभोक्ता समिति अनुगमन समिति गठन गर्दाको निर्णयको प्रतिलिपि
- .नगरपालिकाको विनियोजित पत्र
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- उपभोक्ता समितिका पदाधिकारीको नागरिताको फोटोकपी।
- प्रबिधिक लागत अनुमान ।

जिम्मेवार अधिकारी:योजना शाखा ,नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत
लाग्ने समय:सोहि दिन
सेवा दिने कार्यालय:नगरपालिकाको कार्यालय
सेवा प्रकार:योजना सम्झौता गर्दा पेश गर्नुपर्ने कागजात
सेवा शुल्क:निशुल्क

भत्ता रकम बुझन

आवश्यक कागजातहरु:

- रकम बुझन बैंकबाट भत्ता वितरणको व्यव स्था भएको वडाको हकमा वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट सिफारिस लिइ सम्बन्धित बैंकमा खाता खोली खाता मार्फत भत्ता रकम बुझन सकिने छ ।

जिम्मेवार अधिकारी: वडा अध्यक्ष वा वडा सचिव
लाग्ने समय:निकासा पश्चात
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: भत्ता रकम बुझन
सेवा शुल्क: तोकिए बमोजिम

समाजिक सुरक्षा भत्ताका लागि परिचय पत्र नविकरण

आवश्यक कागजातहरु:

सामाजिक सुरक्षा भत्ता पाएका व्यक्तिहरुले हरेक वर्ष मंसिर महिनाको १ गते देखि १५ गते सम्म सम्बन्धित वडा कार्यालय वा नगरपालिका कार्यालयमा आई अनुसुची फाराम भरि आफ्नो परिचय पत्र अनिवार्य रुपमा नविकरण गराउनुपर्ने छ । सो का लागि निम्नानुसार कागजात पेश गर्नुपर्ने छ ।

- परिचय पत्रको प्रतिलिपि
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि

- अन्यन्त्रको नागरिकता प्रमाण पत्र भए बसाई–सराई प्रमाण पत्रको प्रतिलिपि
- सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको फाटो २ प्रति
- सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने छ

जिम्मेवार अधिकारी: वडा अध्यक्ष वा वडा सचिव

प्रक्रिया:

लाग्ने समय:मंसीर १ देखि १५ गते सम्म

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार:सामाजिक सुरक्षा भत्त्राका लागि परिचय पत्र नविकरण

सेवा शुल्क:तोकिए बमोजिम

समाजिक सुरक्षा भत्ताका लागि परिचय पत्र बनाउने

आवश्यक कागजातहरु:

हरेक वर्षको मंसिर १ गते देखि १५गते सम्म सम्बन्धित वडा कार्यालयमा वा नगरपालिका कार्यालयमा निम्नानुसार कागजात राखि निवेदन पेश गर्नुपर्ने छ।

- सम्बन्धित व्यक्तिको नागरिता प्रमाण पत्रको प्रतिलिपि
- विधवा महिलाको लागि पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि मृत्यु पछिको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि
- अशक्त अपाङ्गता भएकाहरुको लागि अपाङ्गताको वर्ग खुलेको प्रमाण पत्रको प्रतिलिपि, नगरिकता प्रमाण पत्रको प्रतिलिपि र नावालक भएमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
- दलित बालबालिकाको लागि जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि बाबु र आमाको बिवाह दर्ता प्रमाण पत्र, नागरिताको प्रतिलिपि
- सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको २-२ प्रति फोटो
- बसाइ–सराइ गरि आएको व्यक्ति हरुको हकमा बसाई–सराई दर्ताको प्रमाण पत्रको प्रतिलिपि
- सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने छ

जिम्मेवार अधिकारी: वडा अध्यक्ष वा वडा सचिव

प्रक्रिया:

लाग्ने समय: अवस्था हेरी

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार: सामाजिक सुरक्षा भत्ताका लागि परिचय पत्र बनाउने

सेवा शुल्क: तोकिए बमोजिम

बसाइ सराइ दर्ता

आवश्यक कागजातहरु:

- बसाई सरी आएकाको हकमा बसाई सराई दर्ता अनुसुची फाराम भरी पेश गर्नुपर्ने (बसाइ सराई दर्ता प्रमाणपत्र सहित)
- सुचकको ना.प्र.प.को सक्कल र प्रतिलिपि ३. मुलीको ना.प्र.पत्र
- बसाइ सरी आएको हकमा नगरपालिका क्षेत्र भित्र बसोबासको भएको प्रमाण
- बासाईसराई गरि आएकाहरुको नागरिताको प्रतिलिपि- जन्म दर्ता प्रमाण पत्र

जिम्मेवार अधिकारी: वडा सचिव
प्रक्रिया:
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: बसाई सराई दर्ता
सेवा शुल्क: तोकिए बमोजिम

विवाह दर्ता

आवश्यक कागजातहरु:

- पति पत्नी दुवैले संयुक्त रुपमा सहिछाप गरेको विवाह दर्ता अनुसूची फाराम
- पति पत्नी स्वयं अनिवार्य उपस्थिति हुनु पर्ने
- पतिको नागरिकताको सक्कल र प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने
- पत्नीको विवाह हुनु अगावै नागरिकता बनाएको भए अनिवार्य पेश गर्नुपर्ने
- पत्नीको नागरिता प्रमाण पत्र नबनाएको भए जन्म दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि ।
- पत्नीले आफ्नो पिता वा माइति तर्फको एका घरको नागरिकता प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने

जिम्मेवार अधिकारी: वडा सचिव
प्रक्रिया:
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: विवाह दर्ता
सेवा शुल्क: तोकिए बमोजिम

मृत्यू दर्ता

आवश्यक कागजातहरु:

- सूचकले भरी पेश गरेको मृत्यु दर्ता अनुसूची फाराम
- सूचकको ना.प्र.प.को सक्कल र प्रतिलिपि
- मृतकको ना.प्र. पत्रको सक्कल र प्रतिलिपि
- न.पा. बाहिरबाट आएको हकमा ब साइसराई दर्ता प्रमाणपत्र सक्कल र प्रतिलिपि
- अस्पतालमा मृत्यु भएको भए मृत्यु प्रमाण

जिम्मेवार अधिकारी:वडा सचिव
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय:वडा कार्यालय
सेवा प्रकार:मृत्यु दर्ता
सेवा शुल्क: तोकिए बमोजिम

जन्म दर्ता

आवश्यक कागजातहरु:

- सूचकले भरी पेश गरेको जन्म दर्ता अनुसुची फाराम
- सुचकको ना.प्र.प.को सक्कल र प्रतिलिपि
- नवजात शिशुको बाबु र आमाको ना.प्र.पत्रको सक्कल र प्रतिलिपि
- नवजात शिशुको बाबु र आमाको विवाह दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि
- न.पा. बाहिरबाट आएको व्यक्तिको हकमा बसाईसराई दर्ताको प्रमाणपत्र को प्रतिलिपि
- अस्पतालमा जन्म भएको भएमा सो को प्रमाण पत्रको पतिलिपी

जिम्मेवार अधिकारी: वडा सचिव
नमुना फाराम तथा अन्य:
प्रक्रिया:
लाग्ने समय:
सोही दिन
सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार:जन्म दर्ता
सेवा शुल्क: तोकिए बमोजिम

उद्योग दर्ता तथा सिफारिस

आवश्यक कागजातहरु:

- सम्बन्धित उद्योगीको रितपुर्वकको निवेदन
- उद्योगीको ना.प्र.प.को प्रतिलिपि
- उद्योग संचालन हुने जग्गाको प्रमाण पुर्जाको प्रतिलिपि
- जग्गा भाडामा लिएको भए जग्गा भाडाको सम्झौताको प्रतिलिपि
- ज.ध.को ना.प्र.प.को प्रतिलिपि
- उद्योग अन्यन्त्र सम्बन्धीत कार्यालयमा दर्ता भएको भए सो को प्रमाण पत्रहरुको प्रतिलिपि, आय कर, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि, भ्याट सँग सम्बन्धित भए सो को प्रमाण पत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सर्जमिन

जिम्मेवार अधिकारी: नगर प्रमुख
लाग्ने समय: सर्जिमिन मुचुल्का पश्चात
सेवा दिने कार्यालय: नगरपालिकाको कार्यालय
सेवा प्रकार:
उद्योग दर्ता तथा सिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

व्यावसाय दर्ता

आवश्यक कागजातहरु:

- सम्बन्धित व्यक्तिको निवेदन पत्र
- पासपोर्ट साइजको २ प्रति फोटो
- नागरिकता प्रमाणपत्र र जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि
- घर-जमिन बहालमा लिई व्यवसाय गर्ने भए घर-जमिन बहालमा लिएको सम्झौता पत्रको प्रतिलिपि
- सम्बन्धी अन्य कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आयकर दर्ता , प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि, भ्याट सँग सम्बन्धित भए सो को प्रमाण पत्र

जिम्मेवार अधिकारी: नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत
प्रक्रिया:
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय: नगरपालिकाको कार्यालय
सेवा प्रकार: व्यवसाय दर्ता
सेवा शुल्क: तोकिए बमोजिम

संस्था दर्ता तथा नविकरण

आवश्यक कागजातहरु:

- . सम्बन्धित व्यक्ति- संस्थाको निवेदन
- वडा कार्यालयको सिफारिस
- संस्थाको विधानको प्रतिलिपि
- संस्था अन्यत्र दर्ता भई सकेको भए प्रमाण पत्र प्रतिलिपि
- संस्था रहेको भवनको घरजग्गा कर र मालपोत तिरेको रसिदको प्रतिलिपि भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि
- साधारण सभाको निर्णयको प्रतिलिपि
- अघिल्लो आ.ब.को लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि

जिम्मेवार अधिकारी: नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत
प्रक्रिया:
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय: नगरपालिकाको कार्यालय
सेवा प्रकार: संस्था दर्ता । नविकरण
सेवा शुल्क: तोकिए बमोजिम

आय प्रमाणित सिफारीस नेपाली वा अंग्रेजी

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन

- ना. प्र. प. को प्रतिलिपि
- आयश्रोत को प्रमाण कागजातहरुको सक्कल र प्रतिलिपि
- घर भाडा बापत प्राप्त आयमा बहाल कर तिरेको कागजातको प्रतिलिपि र नगरपालिका लाई २% बहाल कर बुझाएको रसिदको प्रतिलिपि ब्यावसायबाट आयश्रोत प्रमाणीत गर्नु परेमा

- स्थानिय निकायमा दर्ता-नविकरण प्रमाण पत्रको प्रतिलिपि
- आन्तरीक राजश्व कार्यालयमा दर्ता प्रमाण पत्रको प्रतिलिपि
- अघिल्लो आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

जिम्मेवार अधिकारी: वडा अध्यक्ष वा वडा सचिव
प्रक्रिया:
लाग्ने समय: २ दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: आय प्रमाणित सिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

सम्पत्ति मूल्याङकन नेपाली तथा अंग्रेजी

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन
- ना.प्र पत्रको प्रतिलिपि
- घर नक्सापास प्रमाण पत्रको प्रतिलिपि
- कित्ता नापी नक्सा (ब्लु प्रिन्ट-टेस)
- जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि
- घर जग्गा कर तिरेको करचुक्ता पत्र र मालपोत तिरेको रसिदको प्रतिलिपि

- सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने

जिम्मेवार अधिकारी: वडा अध्यक्ष वा वडा सचिव
प्रक्रिया:
लाग्ने समय: २ दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: सम्पत्ति मूल्याङकन नेपाली वा अंग्रेजीमा
सेवा शुल्क:तोकिए बमोजिम

मोही लगतकट्टा सिफारीस

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको रित पूर्वकको निवेदन
- मोहियानी अस्थाइ निस्साको सक्कल र प्रतिलिपि
- जग्गाधनी नागरिकताको प्रतिलिपि प्रमाण पुर्जाको प्रतिलिपि

जिम्मेवार अधिकारी: वडा सचिव
प्रक्रिया:
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: मोही लगतकट्टा सिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

मृत्यू पश्चातको नाता प्रमाणित

आवश्यक कागजातहरु:

- अनुसूची अनुसारको निवेदन फाराम
- मृतकका नातेदारहरु(हकदारहरु)को ना.प्र.प.को सक्कल र प्रतिलिपि

- मृतकको मृत्यु दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि

- नावालकको हकमा जन्म दर्ताको प्रमाण पत्रको सक्कल र प्रतिलिपि
- वडाको किटानी सर्जमिन मुचुल्कामृतकका नातेदारहरु (हकदारहरु)को फोटो ३÷३ प्रति
- मृतक तथा निवेदकहरुको नागरिकता अन्यत्रको भएमा बसाई–सराई दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि
- मृतकको नातेदारहरु (हकदारहरु) सबै उपस्थित हुनुपर्ने

जिम्मेवार अधिकारी:लवडा अध्यक्ष वा वडा सचिव

प्रक्रिया:

लाग्ने समय: सर्जिमिन पश्चात

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार: मृत्य पश्चातको नाता प्रमाणित

सेवा शुल्क: तोकिए बमोजिम

घर जग्गा नामसारी पैतृक सम्पति

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन
- मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- मृतकसंगको नाता प्रमाणित पत्रको प्रतिलिपि
- सम्बन्धित हकदारहरुको ना.प्र.को प्रतिलिपि
- नावालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- मृतकका नामको ज.ध.द.प्र. पूर्जाको प्रतिलिपि
- . निवेदकको नागरिकता अन्यन्त्रको भएमा सम्बन्धित पालिकाबाट हालसालै हकदार प्रमाणित गरिएको पत्र
- हकदारहरुको पासपोर्ट साइजको फोटो २-२ प्रति
- चालु आ.व.को घरजग्गा कर तिरेको कर चुक्ता पत्र र मालपोत तिरेको रसिदको प्रतिलिपि

जिम्मेवार अधिकारी: नगर प्रमुख

प्रक्रिया:

लाग्ने समय: सोही दिन

सेवा दिने कार्यालय: नगरपालिकाको कार्यालय

सेवा प्रकार: घर जग्गा नामसारी सिफारीस खरिदबाट वा मृत्यूबाट

सेवा शुल्क: तोकिए बमोजिम

स्थायी बसोवास प्रमामणित सिफारिस

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन
- . सम्बन्धित व्यक्तिको ना.प्र. पत्रको प्रतिलिपि
- जग्गा धनी प्रमाण. पूर्जा र घर निर्माण इजाजत पत्रको प्रतिलिपि
- .घरजग्गा कर तिरेको चुक्ता पत्रको प्रतिलिपि
- नागरिता अन्यत्र जिल्लाको भएमा बासाई सराई दर्ताको प्रमाण पत्रको प्रतिलिपि

जिम्मेवार अधिकारी:वडा अध्यक्ष वा वडा सचिव

प्रक्रिया:

लाग्ने समय: सोही दिन

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार:स्थायी बसोवास प्रमाणित सिफारिस

सेवा शुल्क: तोकिए बमोजिम

अविवाहित प्रमाणित सिफारीस

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको निवेदन
- अविवाहितको नागरिकताको प्रतिलिपि

- अबिभावकको नागरिकताको प्रतिलिपि
- अबिभावकको सनाखत
- सर्जमिन मुचुल्का

जिम्मेवार अधिकारी: वडा अध्यक्ष वा वडा सचिव
प्रक्रिया:
लाग्ने समय: सर्जिमिन पश्चात
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार:अविवाहित प्रमाणित शिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

जन्म मिति प्रमाणित सिफारीस

आवश्यक कागजातहरु:

- व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन
- सम्बन्धित व्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको
  सक्कल र प्रतिलिपि
- जन्म दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि
- आवश्यकता अनुसार सर्जमिन मुचुल्का

जिम्मेवार अधिकारी:वडा अध्यक्ष वा वडा सचिव
प्रक्रिया:
लाग्ने समय: सर्जिमिन पश्चात
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार:
जन्म मिति प्रमाणित सिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

नागरिकता प्रतिलिपि सिफारीस

आवश्यक कागजातहरु:

- अनुसुची बमोजिम निवेदन फाराम
- हराएको ना.प्र.पत्रको प्रतिलिपि
- ना.प्र.पत्र झुत्रो भएको वा अक्षर,फोटो नबुझ्ने भएमा
  सो को सक्कल प्रति ।
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो ।
- नागरिता अन्यत्र जिल्लाको भएमा बसाईसराई दर्ता प्रमाण पत्रको प्रतिलिपि

जिम्मेवार अधिकारी: सम्बन्धित वडा अध्यक्ष वा वडा सचिव
प्रक्रिया:
लाग्ने समय:सोही दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार:नागरिकता प्रमाणपत्रको सिफारीस तथा प्रतिलिपि शिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

घर निर्माण पूर्ण तथा आँशिक सम्पन्न प्रमाण पत्र

आवश्यक कागजातहरु:

- न.पा. कार्यालयले उपलब्ध गराएको निवेदन
- नक्सा पासको सक्कल र प्रतिलिपि
- पूर्जाको प्रतिलिपि, ना.प्र.को प्रतिलिपि र फोटो २ प्रति
- घरजग्गा कर तिरेको चुक्ता पत्र र मा लपोत रसिदको प्रतिलिपि
- चारै दिशा बाट खिचिएको प्रस्ट देखिने फोटो १-१ प्रति
- सम्बन्धित प्रबिधिकको स्थलगत निरिक्षणको प्रतिबेदन

जिम्मेवार अधिकारी: नक्सा पास शाखा तथा नगर प्रमुख
प्रक्रिया:
लाग्ने समय:प्रविधिको स्थलगत निरिक्षण पश्चात
सेवा दिने कार्यालय:
नगरपालिकाको कार्यालय

सेवा प्रकार: घर निर्माण पूर्ण तथा आँशिक सम्पन्न प्रमाण पत्र
सेवा शुल्क: तोकिए बमोजिम

नक्सा नाम सारी

आवश्यक कागजातहरु:

- न.पा कार्यालयको उपलब्ध गराएको निवेदन
- घर नक्सा पास भएको प्रमाणपत्र, पास भएको सक्कल नक्सा र नक्साको प्रतिलिपि
- लालपूर्जाको प्रतिलिपि नागरिकता को प्रतिलिपि
- घरजग्गा कर तिरेको चुक्तापत्र र मालपोत तिरेको रसिदको प्रतिलिपि
- नापी शाखाबाट प्रमाणित नापी नक्सा ब्लु प्रिन्ट ट्रेस

जिम्मेवार अधिकारी: नक्सा पास शाखा तथा नगर प्रमुख
प्रक्रिया:
लाग्ने समय: ७ दिन
सेवा दिने कार्यालय:नगरपालिकाको कार्यालय
सेवा प्रकार: नक्सा नामसारी
सेवा शुल्क: तोकिए बमोजिम

घर नक्सा पास

आवश्यक कागजातहरु:

- न पा कार्यालयले उपलब्ध गराएको निवेदन
- जग्गा धनी दर्ता प्रमाण पूर्जाका प्रतिलिपि
- ना.प्र.प को प्रतिलिपि र पि पि साइजको फोटो २ वटा
- नापी शाखाबाट प्रमाणित कित्ता नापी नक्सा ब्लु प्रिन्ट र ट्रेस
- इन्जिनियरिङ काउन्सिलमा दर्ता भएका इन्जिनियरहरूले बनाएको राष्ट्रीय भवन निर्माण आचार संहिता बमोजिमको भवनको नक्सा
- डिजाइन गर्ने इन्जिनियरको इन्जिनियरीङ काउन्सीलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
- मालपोत तिरेको रसिद
- साँध सधियारको मन्जुरी
- नगरपालिकामा नक्सा पास दस्तुर तिरेको रसिदको प्रतिलिपि

जिम्मेवार अधिकारी:
नक्सा पास शाखा तथा नगर प्रमुख
प्रक्रिया:
लाग्ने समय:३० दिन भित्र
सेवा दिने कार्यालय:नगरपालिकाको कार्यालय
सेवा प्रकार: घरनक्शा पास
सेवा शुल्क: तोकिए बमोजिम

जग्गाधनि प्रमाणपत्रपूर्जमा घर कायम सिफारिस

आवश्यक कागजातहरु:

- जग्गामा घर जनाउने सिफारिस गरिपाँउ भनि दिएको निवेदन
- आवश्यकताको आधारमा सजीमिन मुचुल्का
- निवेदकको नगररिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि
- नक्शा पासको प्रमाणपत्र वा उक्त कित्तामा घर भएको एकिन हुने कागजात

जिम्मेवार अधिकारी: वडा अध्यक्ष
प्रक्रिया:
लाग्ने समय: सोही दिन
सेवा दिने कार्यालय: वडा कार्यालय
सेवा प्रकार: जग्गाधनि प्रमाणापत्रपूर्जामा घर कायम सिफारीस
सेवा शुल्क: तोकिए बमोजिम

विधुत जडान सम्बन्धी सिफारीस

आवश्यक कागजातहरु:

- विधुत जडान गरिपाँउ भनि दिएको निवेदन
- आवश्यकताको आधारमा सजीमिन मुचुल्का
- नक्शापासको प्रमाणपत्रको प्रतिलिपी
- घरजग्गाको लालपूर्जाको प्रतिलिपि
- तिरो तिरेको रसिद

जिम्मेवार अधिकारी: वडा अध्यक्ष

प्रक्रिया:

लाग्ने समय:सोही दिन

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार:विधुत जडान सिफारीस

सेवा शुल्क:तोकिए बमोजिम

चारकिल्ला प्रमाणित सिफारिस

आवश्यक कागजातहरु:

- चार किल्ला सिफारिश गरिपाँउ भनि दिएको निवेदन
- आवश्यकता आधारमा सजीमिनको मुचुल्का
- जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाको कित्ता खुल्ने नापीबाट प्रमाणित ट्रेस नक्शाको प्रतिलिपि
- तिरो तिरेको रसिद

जिम्मेवार अधिकारी: वडा अध्यक्ष

प्रक्रिया:

लाग्ने समय: सोही दिन

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार:चारकिल्ला प्रमाणित सिफारीस

सेवा शुल्क: तोकिए बमोजिम

नाम शंसोधनको सिफारीस

आवश्यक कागजातहरु:

- नाम शंसोधनको सिफारीस गरि पाँउ भनि दिएको निवेदन
- आवश्यकता आधारमा सजीमिन मुचुल्का
- पासपोर्ट साइजको २ प्रति फोटो
- सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- तिरो तिरेको रसिद

जिम्मेवार अधिकारी: वडा अध्यक्ष

प्रक्रिया:

लाग्ने समय:सोही दिन

सेवा दिने कार्यालय:वडा कार्यालय

सेवा प्रकार:

नाम शंसोधनको सिफारीस

सेवा शुल्क:तोकिए बमोजिम

घर जग्गाको सिफारिस

आवश्यक कागजातहरु:

- घर जग्गा सिफारिस गरि पाँउ भनि दिएको निवेदन
- आवश्यक सजीमिन अनुसार मुचुल्का
- घर जग्गाको साविकमा तिरो तिरेको रसिद
- घर । जग्गा धनिको मृत्यु भइ हकदार भएमा नाता प्रमाणित ,मृत्यु दर्ताको प्रमाणपत्र,नागरिकताको प्रमाणपत्र नाबालकको हकमा जन्म दर्ताको प्रमाणपत्र
- अन्य आवश्यक लिखतका कागजातहरू
- नगरपालिकालाइ तिर्नुपर्ने घर बहाल कर व्यवसाय कर र जग्गाको तिरो तिरेको रसिद

जिम्मेवार अधिकारी: वडा अध्यक्ष

प्रक्रिया:

लाग्ने समय:सोही दिन

सेवा दिने कार्यालय:वडा कार्यालय

सेवा प्रकार: घर जग्गाको सिफारिस

सेवा शुल्क: तोकिए बमोजिम

नाता प्रमाणित

आवश्यक कागजातहरु:

- नाता प्रमाणित गरि पाँउ भनि दिएको निवेदन
- आवश्यकता अनुसार सजीमिन मुचुल्का
- नाता कायम गर्ने व्यक्तिहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि उमेर नपुगेको हकमा जन्म दर्ता
- नाता कायम गर्ने व्यक्तिहरूको हालसालै खिचेको पासपोर्ट साइजको २-२ प्रति फोटो
- मृत्यु भउका व्यक्तिसंगको नाता प्रमाणित गर्नु परेमा मृतकको मृत्यु दर्ताको प्रमाणपत्र
- नाता प्रमाणित गर्ने व्यक्तिहरूका बिच नाता खुल्ने कागजातको प्रतिलिपि
- नगरपालिकालाइ तिर्नुपर्ने तिरो तिरेको रसिद

जिम्मेवार अधिकारी: वडा अध्यक्ष

लाग्ने समय:सोही दिन

सेवा दिने कार्यालय: वडा कार्यालय

सेवा प्रकार: नाता प्रमाणित

सेवा शुल्क:तोकिए बमोजिम नेपाली र अंग्रेजी फरक फरक

नागरिकताको सिफारिस

आवश्यक कागजातहरु:

- नागरिकताको लागि सिफारीस पाँउ भनि दिएको निवेदन
- दुबै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो
- जन्म मिति खुलेको जन्म दर्ता
- बसाइसराइ भै आएको हकमा बसाइ सराइ दर्ता प्रमाण पत्र
- प्रमाणपत्रको फोटो कपि
- विवाहित महिलाकोहकमा विवाह दर्ता प्रमाणपत्र पतीको नागरीकता प्रमाणपत्रको फोटो कपी
- आमा बुबाको नागरिकताको प्रमाण पत्रको फोटो कपि
- विवाहित महिलाको हकमा आमा बुबाको नागरिकताको प्रमाणपत्र
- नगरपालिकालाइ तिर्नुपर्ने घर बहाल कर,व्यवासय कर र जग्गाको तिरो तिरेको रसिदको फोटोकपी

जिम्मेवार अधिकारी: वडा अध्यक्ष

लाग्ने समय:सोही दिन

सेवा दिने कार्यालय: वडा कार्यालय

